# कोहलपुर नगरपालिकाको आ. व. २०८०/०८१ को तेश्रो चौमासिकमा भए गरेका विकास निर्माण तथा सेवा प्रवाह विषयक प्रगति समीक्षा तथा सार्वजनिक सुनुवाई कार्यक्रममा पेश गरिएको विवरण

**कोहलपुर नगरपालिकाको बजेट विवरण :** कूल बजेट १ अर्ब १४ करोड २८ लाख ४४ हजार २ सय ९५
चालुतर्फ ७१ करोड ३४ लाख ३ हजार
पुँजिगत तर्फ ४२ करोड ९४ लाख ४० हजार

**जेठ मसान्तसम्मको व्यय विवरण :**

चालुतर्फ ४६ करोड ७६ लाख ९३ हजार खर्च भएको (६५.५६ प्रतिशत)
पुँजिगत तर्फको २१ करोड ९८ लाख ५२ हजार खर्च भएको (५१.२० प्रतिशत)
समग्रमा ६०.१६ प्रतिशत प्रगति हासिल भएको ।

**जेठ मसान्तसम्मको आन्तरिक आय विवरण :** कुल प्रक्षेपित रकम २३ करोड ८० लाख ७२ हजार १ सय ८३ रुपैयाँ मध्ये हालसम्म बैंक मौज्दात र अल्या समेत गरी १४ करोड ३९ लाख १५ हजार ८ सय ३३ संकलन भएको ।हालसम्म प्रक्षेपणको ६०.४५ प्रतिशत प्रगति हासिल भएको ।

**विषयक्षेत्रगत रुपमा जेठ मसान्तसम्मको आय व्यय विवरण:**

| क्षेत्र | विनियोजित बजेट | खर्च | खर्च प्रतिशत |
|---|---|---|---|
| आर्थिक विकास | ४,३६,६५,००० | १,४५,४३,७४८ | ३३.३१ |
| सामाजिक विकास | ४४,१९,४६,६६३ | २७,९४,८८,७९१ | ६३.२४ |
| पूर्वाधार विकास | ३९,५७,२४,४५३ | २०,८६,४१,६२० | ५२.७२ |
| सुशासन तथा अन्तरसम्बन्धित | २,६८,५०,००० | ७३,४९,३३३ | २७.३७ |
| कार्यालय तथा प्रशासनिक | २३,४६,५८,१७९ | १७,२५,२०,१२५ | ७३.५२ |

## विषयक्षेत्रगत प्रगति विवरण

**क. कृषि क्षेत्रको प्रगति विवरण :**

- कृषकलाई यान्त्रिकरण सहयोग कार्यक्रम अन्तर्गत ५० प्रतिशत अनुदानमा ७ वटा पावरटिलर र ७ वटा मिनिटिलर वितरण गरिएको ।
- च्याउ उत्पादन प्रवर्द्धन कार्यक्रम अन्तर्गत ५० प्रतिशत अनुदानमा च्याउ खेतीका लागि ५ वटा फलामे टहरा निर्माण गरिएको र ६ हजार प्याकेट च्याउको बिउ वितरण गरिएको ।
- कोहलपुर नगरपालिका वडा नं ९, १०, १२ र १३ नं वडाका कुल ८६६९ जना कृषकहरुको सूचीकरण गरी प्रणालीमा समावेश गरिएको छ ।
- साना सिँचाई प्रवर्द्धन कार्यक्रम अन्तर्गत ६० वटा पम्पसेट र ३२ वटा डेलिभरी पाइप वितरण गरिएको ।
- जेठ मसान्तसम्म १५ हजार केजी गहुँको बिउ र १० हजार ६ सय ९० केजी धानको बिउ वितरण गरिएको ।
- धान बाली पकेट विकास कार्यक्रम अन्तर्गत २१ हेक्टरमा धान खेती गरिएको ।
- आइपिएम कृषक पाठशाला अन्तर्गत वडा नं ५ र १० मा मा आलु र टमाटर खेतीको कृषक पाठशाला सञ्चालन गरिएको ।

**ख. पशु सेवा क्षेत्र तर्फ गरिएका मुख्य उपलब्धिहरु**

- जेठ मसान्तसम्म २६१५० पशुपन्छीको उपचार गरिएको । ३६९२ पशुहरुमा लम्पी स्किन बिरुद्धको खोप लगाइएको
- १६५० केजी हिउँदे वर्षिमको घाँसको विउ वितरण ।

- ७०४ वटा पशुहरुमा कृत्रिम गर्भाधान सेवा प्रदान गरिएको । ३२४ गाई भैसीहरुका लागि पशु सुत्केरी भत्ता वितरण गरिएको ।
- १९५ पशु पालक कृषकहरुलाई पशु सुत्केरी भत्ता प्रदान गरिएको ।

**ग. आर्थिक विकास तर्फ**

- गाउँघरमा खेर गैरहेका सामान्य लागत लाग्ने मकैको पोकबाट टोपी बनाउने तालिम सम्पन्न । गार्मेन्ट तथा कुशन गुडिया बनाउने तालिम संचालन ।
- ३० जना सहभागिलाई मेसिन सहितको ३ महिने सिलाई कटाई तालिम प्रदान गरिएको ।
- हाल सम्म २१३ वटा नयाँ व्यावसाय दर्ता र १५० वटा ई-रिक्सा दर्ता भएका छन् ।
- सीपमूलक तालिम कार्यक्रम तर्फ एसी मर्मत, अचार बनाउने, चुरा पोते बनाउने, व्युटिसियन, व्युटीपार्लर, मखमली जुता चप्पल र ढाका झोला बनाउने, गारमेन्ट र कुशन गुडिया सम्बन्धी तालिम सञ्चालन गरिएको । केही तालिम सम्पन्न भैसकेका छन भने केही सम्पन्न हुने प्रकृयामा रहेका छन् ।

**घ. उद्योग, सहकारी तथा उपभोक्ता हित संरक्षण तर्फ**

- नगरपालिका क्षेत्र भित्र संचालनमा रहेका विभिन्न १३४ वटा उद्योग, व्यापार तथा अन्य व्यवसायहरुको बजार अनुगमन गरिएको छ ।
- २१ वटा सहकारीहरुको प्रारम्भिक अनुगमन गरिएको छ । यो अवधिमा एक वटा नयाँ सहकारी दर्ता भएको छ भने ९ निष्क्रिय सहकारीहरु खारेजीको प्रकृयामा रहेका छन् ।
- विभिन्न ४ वटा सहकारीहरुसंग साझेदारी मार्फत कार्यक्रम संचालन गरिएको छ ।
- सुरक्षित नागरिक आवास तर्फ सुरक्षित नागरिक आवास समन्वय समितिबाट स्वीकृत लाभग्राही संख्या- ७५० लाभग्राही मध्ये ६११ सँग सम्झौता भैसकेको छ । जम्मा ६६ जना लाभग्राहीलाई पुग्ने रकम मात्र प्राप्त भएको हुँदा ६५ जनालाई प्रथम किस्ता र २७ जनाले दोश्रो किस्ता समेत भुक्तानी लिएको अवस्था छ ।

**ङ. शिक्षासँग सम्बन्धित गतिविधिहरु**

- शिक्षण सिकाई सहजकर्ता कार्यविधि निर्माण गरी ४५ जना शिक्षण सिकाइ सहजकर्ताहरुलाई विषयगत रुपमा व्यवस्थापन गरिएको ।
- शिवशक्ति आधारभूत विद्यालय र सिर्जना प्राथमिक विद्यालयलाइ नमूना विद्यालयका रुपमा स्तरोन्नति गरिएको ।
- कक्षा ६ देखि १२ सम्म अध्ययनरत छात्राहरुलाई निशुल्क स्यानिटरी प्याड वितरण गरिएको ।
- सबै माध्यमिक तथा सामुदायिक विद्यालयहरुमा बायोमेट्रिक हाजिरी र वाइफाइ जडान गरिएको प्रणाली स्थापना गरिएको
- खानेपानीको अभाव भएका विद्यालयहरुलाई प्राथमिकता दिई फिल्टर सहितको शुद्ध खानेपानीको व्यवस्था गरिएको ।
- चार विद्यालयहरमा विज्ञान प्रयोगशाला निर्माण गरिएको,परीक्षा केन्द्र भएका विद्यालयहरुमा सिसिक्यामरा जडान गरिएको
- नौ वटा विद्यालयहरुलाई बालमैत्री विद्यालयका रुपमा निर्माण गरिएको ।
- मेयरकप तथा राष्ट्रपति रनिङ शिल्ड प्रतियोगिता र उपमेयरकप क्रिकेट प्रतियोगिता सम्पन्न गरिएको ।

**च. स्वास्थ्य शाखातर्फ संचालित कार्यक्रमहरु**

- १२१ जना ठुलो रोग लागेका विरामीलाई मासिक औषधि उपचार खर्च उपलब्ध गराईएको । १३१ जनालाई थप उपचार सहुलियतका लागि नेपाल सरकारमा र २५ जनालाई सहुलियतका लागि प्रदेश सरकारमा सिफारिश गरिएको ।
- राष्ट्रिय दादुरा तथा रुवेला खोप अभियान सञ्चालन गरी ३९३९४ जनालाई खोप प्रदान गरिएको । आईपिभी खोप अभियान अन्तर्गत ६ हजारभन्दा बढीलाई सेवा प्रदान गरिएको ।
- बेवारिसे गर्भवती महिलालाई सुरक्षित सुत्केरी सेवा प्रदान गरिएको ।
- पूर्ण खोप सुनिश्चितता र दिगोपनाका लागि पूर्वतयारी सम्पन्न गरी घोषणाको अन्तिम चरणमा रहेको ।
- नगर अस्पतालमा सुरक्षित गर्भपतन सेवा विस्तार गरिएको ।

**छ. महिला तथा बालबालिका क्षेत्रतर्फ**

- ११० जना अपाङ्गता भएका व्यक्तिहरुका लागि परिचयपत्र वितरण गरिएको । परिचयपत्र वितरणलाई व्यवस्थित बनाउन अपाङ्गता परिचयपत्र वितरण समन्वय समितिको बैठक हरेक महिनाको २५ गते निर्धारण गरिएको ।
- ३५ जना अति विपन्न अपाङ्गता भएका व्यक्तिहरुका लागि सहायक सामाग्री वितरण गरिएको ।
- १५ वटै वडाका ७५ जना अति विपन्न नागरिकहरुलाई न्यानो कपडा वितरण गरिएको ।
- ५६ जना ज्येष्ठ नागरिक लाई परिचयपत्र वितरण गरिएको ।
- ८ जना मुस्लिम महिलाहरुलाई सिलाई मेशीन वितरण गरिएको ।
- १५ वटै वडामा किशोरी क्लब तथा बालक्लब सञ्जाल गठन गरिएको ।
- राष्ट्रपति महिला उत्थान जीविकोपार्जन कार्यक्रम अन्तर्गत १६ जना महिलाहरुलाई सिलाईकटाई तालिम २५ जना महिलाहरुलाई चुरापोते बनाउने तालिम र १० जनालाई बाख्रा एवं बंगुरपालन तालिम सञ्चालन गरिएको ।
- विभिन्न राष्ट्रिय तथा अन्तराष्ट्रिय दिवसिय कार्यक्रम मनाईएको ।

**ज. न्यायिक समिति तर्फ**

- चालु आ.व. मा जिम्मेवारी सरी आएका संख्या १४ रहेको र चालु आ.व. मा नयाँ दर्ता भएका १२३ मुद्दाहरु गरी जम्मा १३७ मुद्दाहरु मध्ये ९५ मुद्दा फर्छ्यौट गरिएको छ भने ५ वटा सम्बन्धित निकायहरुमा पठाइएको छ । न्यायिक समितिमा सुनुवाई हुन बाँकी मुद्दाहरुको संख्या ४२ रहेको छ ।
- वडामा रहेका विभिन्न मेलमिलापकर्ताहरुलाई कानूनी सचेतना सम्बन्धी कार्यक्रम सञ्चालन गरिएको छ ।

**झ. पूर्वाधार तर्फको हालसम्मको प्रगति विवरण**

- भौतिक पूर्वाधार तर्फ बोलपत्रबाट सञ्चालित कुल ४१ योजनाहरुमध्ये २१ योजनाहरु सम्पन्न भैसकेका छन् भने ११ योजनाहरु निर्माणाधीन अवस्थामा छन् ।

**ञ. विपद व्यवस्थापनतर्फ**

- चालु आर्थिक वर्षको हालसम्म विभिन्न ३६ वटा आगालागीजन्य विपद, २४ घरधुरी वर्षाजन्य विपद, २५ घरधुरी हावाहुरीजन्य विपदबाट प्रभावित भएकोमा ३ लाख ९६ हजार राहत रकम वितरण गरिसकिएको ।
- पौष र माघ महिनामा भएको शीतलहरबाट प्रभावित हरुका लागि १३२ स्थानमा दाउरा वितरण गरिएको ।
- जाजरकोट भुकम्प प्रभावितहरुका लागि रु २ लाख बराबरको राहत सामाग्री वितरण गरिएको ।

**ट. घटना दर्ता तथा सामाजिक सुरक्षातर्फ**

- जन्मदर्ता पुरुष-७८२, महिला ६०९ गरी जम्मा १३९१, मृत्युदर्ता तर्फ २८४ पुरुष र १८१ महिला गरी ४०५, विवाहदर्ता ६२७, वसाई सराई अन्तर्गत जाने सदस्य ६२६ र आउने सदस्य १९६६, सम्वन्ध विच्छेद ८५ गरी कुल ३४३९ वटा घटना दर्ता भएको ।
- सामाजिक सुरक्षा भत्ता तर्फ तेस्रो चौमासिकमा जम्मा ६९९७ जना लाभग्राहीलाई कुल ६ करोड ३६ लाख ९८ हजार रुपैया वितरण गरिएको ।

# <u>धन्यवाद</u>